# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

### मिति २०६४/८/२८ गते शुक्रवार देखि २०६४/९/५गते विहीवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ५१ कम्पनीहरुको कारोबार भएको छ । जस अनुसार ३२५९ कारोवारबाट ७४ करोड ७८ लाख ५८ हजार रुपैयाँ बराबरका ६ लाख ४७ हजार २ सय ९ कित्ता शेयरहरु खरिदविक्री भएका छन । कारोबार रकम गत साताको तुलनामा २.६ प्रतिशतले कम हो । गत साता २५८५ शेयर कारोवारबाट ७६ करोड ८३ लाख ८ हजार रुपैयाँ बराबरका ८ लाख ३० हजार ३ सय ६६ कित्ता शेयरहरु खरिदविक्री भएका थिए ।

कुल कारोवारमध्ये ‘क’ बर्गका कम्पनीहरुको मात्र ३५ करोड ८८ लाख रुपैयाँ बराबरको कारोवार भएको छ । यो कुल कारोबारको ४७.९८ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा २५.४२ अंकले वृद्धि भई अन्तिम दिन १०२५.४२ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| विवरण | वाणिज्य वैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास वैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| अधिकतम | १०९४.५३ | ३५०.१९ | २९३.९५ | ८१८.१२ | १७०६.०४ | १६५.२० | ९७१.३९ | ८८१.०५ | २००१.३९ | १०६४.०९ | २७५.२१ |
| न्युनतम | १०८०.४७ | ३५०.१९ | २८५.५८ | ८१८.१२ | १६५१.९८ | १६५.२० | ९७१.३९ | ८८५.३९ | १८८४.८९ | १०५२.९२ | २७१.८४ |
| अन्तिम | १०८६.१३ | ३५०.१९ | २९३.९५ | ८१८.१२ | १६५१.९८ | १६५.२० | १०३६.५८ | ९८३.४५ | १८८४.८९ | १०५५.७३ | २७३.२५ |

‘क’ वर्गका कम्पनीहरुको कारोवार मापन गर्ने सेन्सेटिभ इन्डेक्स १.४१ अंकले वृद्धि भई २७३.२५ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (११ करोड ६० लाख रुपैयाँ) का आधारमा नेपाल बंगलादेश बैंक तथा शेयर संख्या (१ लाख ७४ हजार ) को आधारमा नेशनल हाइड्रो पावर कम्पनी अग्रस्थानमा रहेका छन । कारोवार संख्या (६०३) को आधारमा अन्नपूर्ण विकास बैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोवार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोवार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेपाल बंगलादेश बैंक | ११६.०२ |
| २ | नेशनल हाइड्रो पावर कम्पनी | ९९.०८ |
| ३ | वैंक अफ काठमाण्डौ | ७२.२६ |
| ४ | कुमारी बैंक | ७१.०६ |
| ५ | चिलिमे हाइड्रो पावर कम्पनी | ६७.७९ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि सरकारी तथा संस्थागत ऋणपत्र तर्फ कुनै पनि कारोवार भएन ।